# एनएमबि बैंक लिमिटेडको
# चौधौं बार्षिक साधारणसभाको निर्णय विवरण

**१. प्रारम्भिक**

एनएमबि बैंक लिमिटेडको मिति २०६६/०८/०४ मा बसेको सञ्चालक समितिको १९२औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम बोलाइएको चौधौं वार्षिक साधारणसभा बैंकको सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणको सभापतित्वमा सम्पन्न भयो । सभा सम्बन्धी विस्तृत विवरण यस प्रकार छ :

मिति : २०६६ पौष २४ गते, शुक्रबार (तदनुसार जनवरी ८, २०१०),
स्थान : राष्ट्रिय सभा गृह, प्रदर्शनी मार्ग, काठमाडौं,
समय : विहान १०:०० बजे ।

**२. उपस्थिति**

(अ) संचालकहरु
- (१) श्री पवनकुमार गोल्याण — अध्यक्ष
- (२) श्री आत्माराम मुरारका — संचालक
- (३) श्री पुरुषोत्तमलाल संघई — संचालक
- (४) श्री शान्ती व्याहुत — संचालक (कर्मचारी संचयकोषको तर्फबाट)
- (५) श्री रिता पन्त — संचालक (विशेषज्ञ सञ्चालक)
- (६) श्री हरिश्चन्द्र सुवेदी — संचालक (सर्वसाधारण शेयरधनीको तर्फबाट)

(आ) प्रतिनिधि
- (१) श्री टिकामणी नेउपाने — कम्पनी रजिष्ट्रारको कार्यालय
- (२) श्री महेन्द्रराज शाक्य — कर्मचारी संचय कोष
- (३) श्री सरिता गौतम — नेपाल धितोपत्र बोर्ड
- (४) श्री सिद्धिनाथ मिश्र — नेपाल स्टक एक्सचेन्ज लिमिटेड

(इ) लेखापरीक्षक
- (१) श्री लोकराज शर्मा — प्रतिनिधी : टि.आर. उपाध्याय एण्ड कम्पनीका तर्फबाट

(ई) पदाधिकारी
- (१) श्री उपेन्द्र पौडेल — प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव, एनएमबि बैंक लिमिटेड

(उ) शेयरधनीहरु

| विवरण | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|
| स्वयं तथा प्रतिनिधी मार्फत उपस्थित शेयरधनी संख्या | २७ | ३५१२ | ३५३९ |
| कुल शेयरधनी संख्या | ३९ | १५,८६५ | १५,८९३ |

**३. सभाको वैधानिकता**

**(क) सभाको बारेमा सार्वजनिक सूचना**

यस बैंकको चौधौं वार्षिक साधारणसभा शुरु हुनु अगावै कम्पनी ऐन, २०६३ को दफा ६९ मा भएको व्यवस्था अनुसार उपस्थित शेयरधनीहरुले सभाको वैधानिकता बारे यकिन गर्ने सम्बन्धमा सभाको अध्यक्षको आज्ञाले कम्पनी सचिव श्री उपेन्द्र पौडेलले देहायका विवरणहरु प्रस्तुत गर्नुभयो ।

१. यस बैंकको चौधौं वार्षिक साधारणसभाको निम्ति सो सभा हुने मिति, स्थान, समय र छलफलका विषयहरु बारेको सूचना साधारणसभा हुनुभन्दा २१ दिन अगावै शेयरधनीहरुको जानकारीकालागि निजहरुले यस बैंकलाई उपलब्ध गराएको ठेगानामा पठाइसकेको । साथै, सो बारेको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा दुई पटक (२०६६ मंसिर ३० र पौष ३ गते) प्रकाशित गरिएको ।

२. यसरी कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था बमोजिम प्रकाशित गरिएको सूचनामा उल्लेखित छलफलका विषयहरु उपर छलफल गर्न आज मिति २०६६/०९/२४ मा स्वयं तथा प्रोक्सी मार्फत जम्मा ३५१२ जना शेयरधनीहरुबाट यस बैंकको बाँडफाँड भएको कुल शेयर संख्याको करिव ७० प्रतिशतले प्रतिनिधित्व हुने गरी उपस्थिति जनाइसकेको हुँदा यस साधारणसभा वैधानिक भएको ब्यहोरा जानकारीकालागि अनुरोध भएको ।

**(ख) गणपूरक संख्या**

यस साधारणसभा प्रयोजनकोलागि बैंकको शेयरधनी दर्ता पुस्तिका तथा साधारण शेयर दाखिल खारेजीको कार्य बन्द भएको मिति २०६६/०९/०८ मा कायम शेयरधनीहरु तथा उनीहरुले लिएको साधारण शेयरको विवरण यस प्रकार रहेको थियो ।

| विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| कुल संख्या | शेयरधनीहरु | ३९ | १५,८६५ | १५,९०४ |
| | शेयर | ७८,१४,४३५ | ६४,८५,११० | १,४३,००,०००।- |

कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा संचालनको लागि आवश्यक गणपूरक संख्या (बैंकका शेयरधनीहरुको स्वयं वा प्रतिनिधि मार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरुले ग्रहण गरेको साधारण शेयरहरुको संख्या) देहाय बमोजिम रहेको थियो ।

| उपस्थित विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| स्वयं तथा प्रतिनिधि मार्फत जम्मा उपस्थित संख्या | शेयरधनीहरु | २७ | ३५१२ | ३५३९ |
| | शेयर | ६४,६५,६४७ | २४,४३,४६९ | ८९,०९,११६ |
| उपस्थितबाट प्रतिनिधित्व भएको प्रतिशत | शेयरधनीहरु | ६९.२३ | २२.३१ | ९१.५४ |
| | शेयर | ४५.२१ | १७.०९ | ७१.७४ |

उपस्थित शेयरधनीहरुले उपरोक्त व्यहोरा जानकारी लिँदै कानून बमोजिम बोलाइएको सभामा बिशेष प्रस्तावमा निर्णय लिनसमेत आबश्यक गणपुरक संख्यासमेत हुँदा पूर्व सूचित प्रस्तावहरुमा छलफल गर्न मञ्जुर भएकाले सभापतिज्यूले सभा आरम्भ गर्नुभयो ।

४. छलफलका विषयहरु

(क) सामान्य प्रस्ताव :

१. चौधौं बार्षिक साधारणसभामा सञ्चालक समितिबाट प्रस्तुत प्रतिवेदन पारित गर्ने,
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. ०६५/०६६ को वासलात तथा नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाहको विवरण पारित गर्ने,
३. आ.ब. ०६६/०६७ कोलागि लेखापरीक्षकको नियूक्ति तथा निजको पारिश्रमिक तोक्ने,
४. तेह्रौं वार्षिक साधारणसभाले दिएको अधिकार अर्न्तगत रहि प्रवन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनलाई अनुमोदन गर्ने,
५. विविध ।

(ख) **विशेष प्रस्तावः**

१. बैंकले मर्चेन्ट बैंकिङ्गका कामहरु गर्न सहायक कम्पनी खोल्ने सम्बन्धी विशेष प्रस्ताव,
२. बैंकको प्रवन्धपत्रमा आवश्यक संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव,
३. प्रबन्धपत्रको संशोधनमा आवश्यक अख्तियारी प्रदान गर्ने सम्बन्धमा,

(ग) सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने,

**५. सभाको सभापतित्व**

यस वार्षिक साधारणसभा सञ्चालनका लागि वैधानिक आवश्यकता पूरा भएकाले कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष श्री पवनकुमार गोल्याणलाई सभाको सभापतित्व गर्न अनुरोध गरिए अनुरुप उहाँले सभाको सभापतित्व गर्नुभयो । तत्पश्चात सभापति महोदयले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अभिवादन तथा स्वागत गर्दै सभाको कार्यक्रम अघि बढाउनु भयो ।

**६. चौधौं वार्षिक प्रतिवेदनको प्रस्तुति**

सभाको काम कारवाही शुरु गर्ने क्रममा सञ्चालक समितिका अध्यक्ष तथा यस सभाका सभापतिले सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत भयो । त्यसपछि आ.व. २०६५/६६ को लेखापरीक्षकको प्रतिवेदन र सो साथ संलग्न लेखापरीक्षण गरिएको २०६६ आषाढ मसान्तको वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण र अन्य आर्थिक विवरणहरुसमेत साधारणसभा समक्ष आवश्यक छलफल गरी पारित गर्नकालागि प्रस्तुत गर्नुभयो ।

**७. छलफलको लागि आह्वान**

साधारणसभामा निर्धारित प्रस्तावहरुको विषय-सूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐनमा भए अनुरुप सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण समेतमा छलफलका लागि आ-आफ्नो मन्तव्य, विचार, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई सहभागी हुन सभापतिबाट अनुरोध भयो ।

**८. छलफलमा सहभागी हुने शेयरधनीहरु**

विविध विषय उपर छलफलका लागि सभापतिबाट अनुरोध भए पश्चात् देहायका शेयरधनी महानुभावहरु छलफलमा सहभागी भई आ-आफ्नो विचार तथा मन्तव्य राख्नुभएको थियो ।

१) डा. माधव कुमार श्रेष्ठ
२) श्री ब्यास कुमार शर्मा
३) श्री डमरु बल्लभ घिमिरे
४) श्री इन्द्र कृष्ण श्रेष्ठ
५) श्री राजेश शाक्य
६) डा. सुन्दरलाल श्रेष्ठ

७)	श्री अमीर दाश रंजीत
८)	श्री महेन्द्र बहादुर श्रेष्ठ
९)	श्री जयन्द्रमान सिंह बानिया
१०)	श्री ठाकुर प्रसाद कोईराला
११)	श्री अमृत नाथ रेग्मी
१२)	श्री थम्म लाल शर्मा
१३)	श्री दामोदर प्रसाद रेग्मी
१४)	श्री भरतराज पोखरेल
१५)	श्री मेजर कुवेर श्रेष्ठ
१६)	श्री सुधिर श्रेष्ठ

## ९. छलफलमा सहभागी शेयरधनीहरुबाट व्यक्त गरिएका मन्तव्य तथा सुझावहरुरुको संक्षिप्त विवरण

### १) डा. श्री माधव कुमार श्रेष्ठ

- कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा १ बमोजिम समयमानै साधारण सभा गरेकोमा धन्यवाद ।
- चालु आ.व. मा लाभांश दिन सकोस भन्ने अग्रीम बधाई दिन चाहन्छु ।
- चालु आ.व. ०६६।०६७ को Profit Target कति हो ? स्पट खुलाउनु पर्ने । त्यस्तै चालु आ.व. को प्रथम त्रैमासिकमा बैंकको Performance कस्तो रहेको छ ? साथै Increase in networth per Share कति बढेको छ ? जानकारी पाऊ ।
- कर्मचारी संख्यासंगै कर्मचारी खर्च गत बर्ष भन्दा समिक्षा बर्षमा बढेको छ । त्यस्तै कर्मचारी Training खर्च पनि बढेको छ । ट्रेनिङ पनि एउटा Investment भएको हुनाले त्यो Training Investment मा Rate of return कति प्रतिशत बढेको छ स्पस्ट गरी पाऊ ।
- बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ को दफा ५२ मा राष्ट्र बैंकले कमसेकक बर्षको एक पल्ट Onsite Inspection गर्नु पर्ने व्यवस्था छ । त्यो अनुसार समीक्षा बर्षमा राष्ट्र बैंकले गरेको छ छैन गरेको भए के कस्तो निर्देशन भयो सोको जानकारी पाऊँ ।
- कानून खर्च बढी भएको । के कस्ता मुद्दाहरु परेको हो सोको जानकारी पाऊँ ।
- विज्ञापन खर्च बढेको छ । Systematic Plan गरेर विज्ञापन भए नभएको जानकारी पाऊ ।
- २०१० पछि विदेशी बैंकहरुको समेत Branch खुल्न सक्ने भएकाले प्रतिस्पर्धामा जान Resource development plan हुनु पर्ने ।
- अन्तमा Corporate Leadership Prescription By Ten Letter Word " Leadership" को 8th Letter H (Handling A to Z) सम्बन्धमा विशेष Research वारेको २० पेज डकुमेन्ट पेश गरेको छु । Feedback को लागि समेत अनुरोध गर्दछु । धन्यवाद ।

### २) श्री व्यास कुमार शर्मा

- एनएमबि बैंक नेपालको एउटा प्रतिष्ठीत कम्पनीको रुपमा देखा परेको संस्था हो । अध्यक्षज्यूको प्रतिवेदनमा कम्पनीलाई एउटा सवल र प्रतिष्ठीत कम्पनीको रुपमा देखाउनु भएको छ । तर ०६५।०६६ को वासलात र यसको Result लाई हेर्दा त्यस्तो देखीएन ।
- समिक्षा अवधिमा ब्याज तिर्नु नपर्ने ठूलो रकम प्रयोग गर्न पाएको अवस्थामा समेत गत बर्ष १६ प्रतिशतले खुद मुनाफा घटेको छ । यद्यपी संचालक समितिको प्रतिवेदनमा नेटवर्थ वृद्धिको कुराहरु Justification को रुपमा प्रस्तुत गरिएको छ ।
- वार्षिक प्रतिवेदनमा छपाई सम्बन्धी गम्भीर त्रुटीहरु रहेका छन् । Diagram ले पनि उल्टो चीत्र देखाई राखेको छ । त्यस्तो त्रुटीहरु सच्याउनु पर्दथ्यो तर त्यस तर्फ ध्यान गएको देखिएन । साधारण सभामा प्रस्तुत हुदा जिम्मेवार भएर उपस्थित हुनु पर्ने भन्ने भैले अपेक्षा राखेको छु ।

- मनोरञ्जन खर्च, इन्धन खर्च, भ्रमण खर्च जस्ता Unprocuctive खर्चहरु ह्वात्तै बढेको छ भने अर्को तर्फ एनएमबिको एउटा चिनारीको रुपमा रहेको Issue Manager को कामबाट हुने आम्दानी ह्वात्तै घटेको छ ।
- Long Term Liability बढाउने कुरामा Management ले लापरवाही गरेको देखिन्छ । अहिलेको यस्तो विषम परिस्थितिमा जहाँ लगानीको संकुचनको अवस्था छ । सम्भावनाहरु ज्यादै घटी छ । यस्तो अवस्थामा Long Term Liability बढाउने कुरामा अलि Conservative हुनु पर्दछ ।
- अहिलेको जटिल अवस्थामा कमसेकम खर्चलाई नियन्त्रण, सिमा भित्र राखेर अगाडी बढनु पर्दछ ।
- आफ्नो मात्र कार्यक्रम हेरेर हुदैन । अरु बैंकहरु कसरी अगाडी बढी राखेका छन्  ती कुराहरुलाई पनि हेर्नु पर्दछ । "क" बर्गमा जानको लागि बैंकको सेवा स्तरमा पनि बृद्धि गर्नु पर्दछ भन्ने लाग्दछ ।
- निक्षेपमा ३१६ प्रतिशतले भएको बृद्धि सुखद पक्ष हो । कर्जामा पनि Outstanding राम्रो बढेको छ । निश्चय पनि आगामी बर्ष केहि न केहि प्रतिफल पाउने अपेक्षा राखेका छौं । धन्यवाद ।

### ३) श्री डमरु बल्लभ घिमिरे

- ऐनले तोकेको समय भित्रै बार्षिक साधारणसभा गर्न सक्षम भएकोमा धन्यवाद ब्यक्त गर्न चाहन्छु ।
- बैंकले IPO Sector मा आफ्नो ब्यवसाय बढाएको देखिन्छ त्यो पनि स्वागत योग्य नै छ ।
- यस बैंक "ग" वर्गको कम्पनीबाट Upgrade भएर "क" वर्गको विशिष्ट Commercial बैंकमा उन्नती भईरहेको छ । एक किसिमले यो वर्ष सुखद वर्षको रुपमा रहेको छ । तर लगानी कर्ताले प्रतिफलको प्रश्न उठाउन सक्छन् , हिजो फाइनान्स कम्पनी हुदाँ ३०%-३५% प्रतिफल पाईरहेको तर आज बैंक हुदाँ खाली हात हुनुपऱ्यो । तर हाम्रो आर्थिक प्रतिवेदन अनुसार आउदो बर्षहरुमा राम्रो प्रतिफल पाईने आशा राख्न सकिन्छ ।
- साधारणभामा शेयरधनीहरुको उपस्थिति नगन्य रहेको देखिन्छ । यस तर्फ बैंकको ध्यान जाओस् ।
- बैंकले निक्षेपमा गरेको बृद्धि तथा निस्कृय कर्जा घटाएर ०.५१% पुऱ्याएको छ जुन एकदमै राम्रो उपलब्धी हो ।
- Subisidiary Company प्रस्तावसंगै त्यसको स्वामित्व, ब्यवस्थापान बारे स्पष्ट पार्न अनुरोघ गर्दछु ।
- अन्तमा म एनएमबि बैंकको सफलताको कामना गर्दछु र अर्को १५ औ साधारण सभा हुँदा घटीमा १०%-१५% सम्म Return सहितको Agenda ल्याउन सकोस भनी कामना गर्दछु । धन्यबाद ।

### ४) श्री इन्द्र कृष्ण श्रेष्ठ

- नमस्कार, आज यस सभामा मलाई बोल्न दिएकोमा धन्यवाद छ । Balance sheet हेरेर पुर्व वक्ताहरुले भन्नु भएको कुरालाई समर्थन गर्दछु ।
- निष्कृय कर्जा ०.५१% मा घटेको छ जसको लागि म ब्यवस्थापन र कर्मचारीहरुलाई धन्यबाद दिन चाहन्छु । खुद मुनाफाको २०% साधारण जगेडा कोषमा राखेकोमा पनि धन्यबाद दिन चाहन्छु ।
- यो सालमा केही Return नपाएपनि अर्को सालमा पाउने आशा राखेको छु । Balance Sheet(अनुसूची २३) मा कर्मचारीहरुलाई केहि सुबिधाबाट बञ्चित गरिएको छ तर सकेसम्म वित्तीय अवस्थाले भ्याएसम्म र नियम कानूनले दिएसम्म सम्पूर्ण सुविधा कर्मचारीलाई दिन बिनम्र अनुरोध गर्दछु ।
- साधारण सभामा शेयरधनीहरुको न्यून उपस्थिति रहेको छ । कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम शेयरहोल्डरहरुलाई समयमा नै Balance Sheet पुऱ्याउनु पर्दछ । अर्को सालमा सम्पूर्ण शेयरधनीहरुको हातमा Balance sheet पुऱ्याउन अनुरोध गर्दछु ।
- Balance Sheet मा ६.५ अर्ब रकमलाई "अन्य" शिर्षकमा राख्दा शंका उत्पन्न हुन्छ । गत सालपनि ४ अर्ब रकम यसै शिर्षकमा छ । यसलाई स्पष्ट पार्न अनुरोध छ ।
- EPS ४.४२ छ जसबाट Dividend दिन सक्ने अवस्था देखिदैन । आम्दानी गर्ने क्षमता पनि तल नै छ । P/E Ratio ११२ भन्दा बढी छ जसबाट आम्दानी गर्ने क्षमता पनि कम भएको देखियो । ROA पनि

०.४ मात्रै छ, जुन १% भन्दा बढी नै जानु पर्ने हो । Foreign Bank Transaction पनि ०.०६ मात्रै छ, यसलाई पनि Inprove गर्नु जरुरी देखिन्छ । आगामी बर्षको लागि अहिले नै Prepare गर्नु पर्छ । शेयरधनी लाई dividend दिन सके भने राम्रो हुन्छ, आगामी बर्षको लागि शुभकामना दिदै मेरो मन्तब्य यही टुग्याउँछु । धन्यवाद ।

**५) श्री राजेश शाक्य**

- १० बजेको साधारणसभामा १० बजे नै रजिष्ट्री गर्ने भनि सूचना निकालिएको थियो । त्यो भएन । शेयरहोल्डरहरुलाई सामान्य Refreshment को ब्यवस्था पनि नभएको, साधारणसभामा शेयरधनीहरुको ज्यादै थोरै उपस्थिति रहेको । Divident नपाइकोले हाम्रो १४ बर्षको इतिहास नै तोडिएको ।
- पुर्वाधार विकाशमा खर्चहरु बृद्धि भएको छ ।
- १ : ४ को हकप्रद निष्काशन गर्नुपुर्व किन शेयरधनीहरुलाई संकेत दिईएन ? यसको जानकारी वाणीज्य बैंक हुनु पूर्व नै दिईनु पर्दथ्यो ।
- Merchant Banking को Envirionment अलि नराम्रो भएको छ । Media हरुमा Merchant Banking बारे आउने कुराको बास्तविता के हो ? Merchat Banking को activity लगानीकर्ता संग Friendliness बनाउनु पर्ने हो कि ?
- आज निर्वाचित हुने ३ जना संचालकहरुले २६ वटा Commercial Bank हरुमा हाम्रो स्थान यो हुनेछ भन्ने प्रतिवद्धता जनाउनु पऱ्यो ।
- अहिले बैंक तथा वित्तीय संस्थाहरुको संख्या बढदै छन् अव हाम्रो मनमिल्ने खालका अरु बैंकसंग Merger को कुरा औपचारिक र अनौपचारिक रुपमा खुल्ला हुन पर्दछ । अन्तमा भविष्यमा एनएमबि बैंकको उत्तरोत्तर प्रगतिको शुभेच्छा ब्यक्त गर्न गर्दछु । धन्यवाद ।

**६) डा. सुन्दर लाल श्रेष्ठ**

- साधारणसभामा उपस्थित हुन शेयर प्रमाणपत्र, प्रवेशपत्र ल्याउनु नपर्ने ब्यवस्था होस् । एउटा पचियपत्र भए पुग्ने होस् ।
- निक्षेप लगानी कर्जा सबै बृद्धि हुदाँ पनि हाम्रो खुद मुनाफा घटेको अलि राम्रो भएन । Merchant Banking मा पहिले भन्दा कम नाफा देखिएको छ त्यो राम्म्रो भएन ।
- Claim नभएको Dividend बारे Notice दिनु पऱ्यो ।
- तुलनात्मक रुपमा गतबर्ष भन्दा प्रगति देखिन्छ तर मुनाफा घटेको देखिन्छ । निक्षेप, लगानी, कर्जाको अवस्था राम्रो नै छ । मुद्धतीमा भन्दा बचतमा रकम बढी गर्नेतिर ध्यान दिनुपऱ्यो ।
- साधारण जगेडा कोषमा बिदेशी शटही घटबढ कोषको बारेमा लेखिनु गल्ती हो ।
- राष्ट्र बैंकले लेखेको टिप्पणीहरुको जवाफ यस प्रतिवेदनमा दिईनु पर्दथ्यो तर त्या दिईएन, त्यसबारे प्रस्ट पार्न अनुरोध छ । अन्तमा बैंकको उत्तरोत्तर प्रगतीको कामना गर्दछु । धन्यवाद ।

**७) श्री अमीर दास रन्जित**

- फाईनान्स कम्पनीबाट बैंक हुदाँ Double Promotion भए पनि Dividend दिन नसककोले त्यस तर्फ प्रयास गर्न अनुरोध छ । आगामी साल Dividend बाँडन सक्नुपऱ्यो ।
- निक्षेप र कर्जाको बृद्धि राम्रो हो तर नयाँ बैंकहरु भन्दा यसको Volume अलि कम भएको छ । त्यस तर्फ ध्यान दिनु पऱ्यो ।
- Claim नभएको Dividend को List बनाएर साधारणसभामा टाँस गर्नु जरुरी छ ।
- Media मा FPO को कुरा आई रहेका छन् । यसबारे हाम्रो Decision के हो स्पष्टसंग आउनु पर्ने ।

- कम्पनी ऐन २०६३ को दफा १०९ बमोजिम हामीले पाउनु पर्ने केहि सूचना छुटेको देखिन्छ । कम्पनी ऐन बमोजिम पाउनु पर्ने सूचना दिनुहोला ।
- IPO गर्दा व्यवस्थित गर्नुपऱ्यो । धेरै भिडभाड भएकोले Counter थप्नु पऱ्यो । Borrowing नीति अलि राम्रो भएन । Inter–Bank Borrowing बढेको छ, Individual low Cost Deposit mobilize गर्नुपऱ्यो ।
- गैह्र बैंकिङ सम्पत्ति जिरो हुन राम्रो हो । बचत निक्षेप बृद्धिको अनुपात राम्रो छ । Low-cost fund mobilize गर्न अझ प्रयासरत हुनुपऱ्यो ।
- लगानी विविधिकरण गर्दै लानु पर्ने देखिन्छ । सेवा शुल्क बाट भएको आम्दानी राम्रो छ । IPO हाम्रो Bank को Backbone हो, त्यसतर्फ  Image खस्केको देखिन्छ ध्यान दिनु पऱ्यो ।
- सञ्चालन खर्चमा मितब्ययिता आवश्यक छ । हामीले efficient कर्मचारीहरुलाई Retain गर्न नसकेको देखिन्छ । कर्मचारीहरुलाई Training खर्चपछि उहाँहरुलाई Retention गर्ने policy हुनु पऱ्यो । राष्ट्र बैंकले देखाएका कैफियतहरु आगामी साल नदेखियोस् । साधारणसभाले दिएको सुझावहरु कार्यान्यिन होस । बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दछु । धन्यवाद ।

८) **श्री महेन्द्र बहादुर श्रेष्ठ**

- Dividend Policy हुनुपऱ्यो । १०% भन्दा कम नहोस् । शेयरधनीहरुको चाहना Dividend हो । हामी Upgrade भएको तर शेयरधनीलाई फाइदामा देखिएन् ।
- Subsidiary Co. हामीले पहिले नै खडा गर्नु पर्दथ्यो । हामी यसमा ढिला भयौ । यसले मुनाफामा पनि असर गर्दछ ।
- Shareoholder's account मा नयाँ ब्याज, बिमा सुविधा दिनुपऱ्यो । विजुली, टेलिफोनको पैसा Account बाट काटेर तिर्ने ब्यवस्था गर्नुपऱ्यो । Government को Revenue हुने ठाउँमा Branch राख्न सकेमा deposit आउने थियो ।
- Share Divestment भएकोले संचालकको Structure बारे स्पष्ट पार्नुपर्छ । Dividend सम्बन्धी केहि Message/Commitment हुनुपऱ्यो । धन्यवाद ।

९) **श्री जयन्द्रमान सिंह बानिया**

- कोरम नपुगी साधारणसभा शुरु भएको । संचालकहरु समयमा नआईपुगेको ।
- Balance Sheet को आकार बृद्धि भएको तर Dividend नपाएको । आगामी साल Dividend पाउने आशा राख्दछु ।
- खर्च निकै बढेको छ । आम्दानीको दाँजोमा खर्च निकै धेरै छ । Branch Expansion, Human Resource को बृद्धि आदी कारणले खर्च बृद्धि भै लाभांस नपाएको तर आगामी बर्ष प्राप्त गर्ने आशा राखेका छौं ।
- Non-interest bearing deposit, L/C, Foreign Currency Transaction आदी Commercial Bank ले गर्न पाउने Business Expand गर्नु जरुरी छ । Marketing System मा कमजोरी देखिन्छ । Branch Standard भएपनि Customer आकर्षण गर्न नसकेको । ATM सुविधा बढाउनु पर्ने Foreign Currency र Current Account मा रकम बढाउन तिर ध्यान दिनु आवाश्यक छ ।
- पेज २७ मा बैंक तथा वित्तीय संस्थामा रहेको भनेर रु. ६ अर्ब ५६ करोड "अन्य" भनि राखिएको छ तर कुन बैंक हो स्पष्ट भएन ।

१०) **श्री ठाकुरप्रसाद कोईराला**

- शेयरधनीहरुलाई यति प्रतिशतले लाभांस बाडिएको छ भन्ने हुरा हेर्न नपाउदा दुख लागेको छ ।

- भविष्यमा शिक्षा श्वास्थ, उर्जा, सिमेण्टमा लगानी गर्ने लेखिएको छ । अर्को राम्रो लगानीको क्षेत्र पर्यटन र Transport तिर पनि लगानी गर्ने बारे सोच्न अनुरोध छ ।
- ठूला ठूला Project हरुलाई सहयोग गर्ने ठाउँमा शाखा विस्तार गर्ने बारे सोच्न अनुरोध गर्दछु ।
- निक्षेपमा भएको बृद्धि प्रशंसनीय छ । निष्क्रिय कर्जा ०.५१ म घटाउन सक्नु राम्रो हो र प्रशंसनीय छ । खर्च तर्फ कडाई गर्नु पर्ने देखिन्छ । सञ्चालन खर्च पनि अलि बढी नै छ । खर्च भनेको Elastic हो यसलाई घटाउन पनि सकिन्छ ।
- प्रतिवेदनमा अंक लेखाईमा एकरुपता छैन सतर्कता अपनाउनु पर्दछ ।
- कर्मचारीहरुलाई तालिम दिनु राम्रो कुरा हो यसले संस्थालाई पनि राम्रो नै गर्दछ । तर तालिममा पठाउनु अधि यति बर्ष बैंकमा काम गर्नु पर्ने भनि कबुलियत गराउनु राम्रो हुन्छ ।
- अन्तमा यस संस्थाको उत्तरोत्तर प्रगति को कामना गर्दछु । धन्यबाद ।

११) **श्री अमृत नाथ रेग्मी**

- Participatury Deposit को Scheme ल्याउनु पर्ने ।
- EOB/EOI को कुरा प्रवन्धपत्र तथा नियमावलीमा राख्दा सजिलो हुने ।
- Subsidiary Co. एनएमबि बैंकको पूर्ण स्वामित्वको हो वा अधिकांस स्वामित्वको हो स्पष्ट हुनु पर्ने ।
- Further Issue को Concept ले हामी ठूलो हुने बेलामा हामीलाई सजिलो पर्दछ । त्यस तर्फ ध्यान दिनु पऱ्यो ।
- Tax को Provision मा ५ बर्ष सम्म Tax बाट कुनै किसिमको फाइल उठाइएन भने त्यो भई सकेको मानिन्छ । हामीले हाम्रो Book of account पनि त्यसैलाई base गरी राख्ने गर्नु पर्दछ ।
- Liability लाई Retain गरेर राख्नु उपयूक्त नहुने । Investment मा Return आउदैन भने त्यसलाई Retain गरेर राख्न हुदैन । धन्यवाद ।

१२) **थमलाल शर्मा**

- वासलातको आकारमा बृद्धि, तरलताको स्थिति मजबुत पारिएको, निक्षेपमा बढोत्तरी भएको, शाखा बिस्तार गर्दै जाने योजना भएको नयाँ सेवा सुबिधाको प्रयास भएको, ATM सुविधा विस्तार हुदै गएको, कर्जा सापटी कारोबारमा दोब्बर भन्दा बढिको बृद्धि, निष्क्रिय कर्जा घटाउने केही हदसम्म प्रयास भएको तथा भावी योजना तर्जुमा गरेको जस्ता उपलब्धीहरु हामीले यस समिक्षा बर्षमा हासील गरेका छौ ।
- समिक्षा बर्षमा शेयरधनीहरुलाई शुन्य प्रतिफल, संचालन खर्चमा बृद्धि, IPO issue मा भएको घटना कर्मचारीबाट ग्राहक बर्गलाई नराम्रो ब्यवहार भएको कुराहरु सुन्नमा आएका जस्ता कमि कमजोरी रहेका छन् ।
- Subsidiary Company को पूँजिगत संरचना कस्तो हुनेछ । शेयर बजारको मुल्यमा धेरै तल माथि हुनाको कारण के हो ? सो बारेमा स्पष्ट पार्न अनुरोघ गर्दछु ।
- बार्षीक प्रतिवेदनमा भाषागत त्रुटीहरु विध्यमान रहेको छ । अन्य खर्च शिर्षकमा ४१ लाख रकम के मा र कसरी खर्च गरियो त्यो पनि स्पष्ट भएन । आगामी बर्ष यस्तो नहोस् । धन्यवाद ।

१३) **श्री दामोदर प्रसाद रेग्मी**

- कुनैपनि Banking Company को Minimum Standard भनेको १०% dividend हो । १०% नै पाएन् भने Banking Sector ले break-even profit पनि नपाएको महसुस हुनेछ ।

- हामी एक्लै जान सक्ने स्थिति नरहे अन्य बैंकहरुसंग Merge भएर जानु पर्ने । Merge हुदा आफु भन्दा राम्रो ठुलो कम्पनी कम्पनीसंग हुनु पर्दछ ।
- हामीले पोहोर साल जती Profit पनि पु¥याउन सकेनौं । Shareholder ले Management लाई Praise गर्ने भनेको नै नतिजाबाट हो । जब शेयरधनीहरुको हातमा केहि पर्दैन तब केहि गर्नै पर्ने हिसाबले Short term वा Long term योजनाहरु बनाउनु आवश्यक हुन्छ । यसबाट पनि नतिजामा पुग्न सक्ने अवस्था नरहेकोले  Merger नै राम्रो हुनेछ . Merger बाट अरुको Knowledge बाट पनि हामीले फाईदा लिन सक्छौं । राष्ट्र बैंकले Merge गरेर आऊ भन्नु भन्दा पहिला नै हामीले यसो गर्नु आवश्यक छ । धन्यबाद ।

१४) **श्री भरतराज पोखरेल**

- निष्क्रिय कर्जा घटाउनु भएको, निक्षेप बढाउनु भएकोमा धन्यबाट । पुराना कर्मचारीहरुले बैंकमा राम्रै गरिराख्नु भएको छ तर शेयर शाखाका केहि नयाँ कर्मचारीहरुको व्यवहार अन्तराष्ट्रिय स्तरको छैन् । सुधार गर्नु आवश्यक छ ।
- बिभिन्न ठूला देशमा पनि Merge System लागू भई सकेको छ । हामीले अरु २५-३० वटा शाखा भएका Bank संग Merge गर्ने प्रस्ताव ल्याउन अनुरोध छ, जसले हाम्रो खर्च कटौती गरी नाफा बढाउनेछ । यसरी प्रस्ताव ल्याउनु भएमा समर्थन हुनेछ भन्ने लागेको छ ।
- एनएमबि भवनको सुरक्षाको प्रबन्ध मिलाउने आवश्यक छ । बैंकका जिम्मेवार व्यक्तिहरुले शेयरहोल्डरको कुरा सुन्नु जरुरी छ ।
- Dividend लिन नआउने शेयरधनीहरुलाई हुलाक मार्फत पत्र पठाउने अथवा स्थानिय पत्रपत्रिकामा सूचना प्रकाशित गरी लिन आउन आव्हान गर्न अनुरोध गर्दछु । धन्यवाद ।

१५) **श्री मेजर कुवेर श्रेष्ठ**

- फाईनान्स कम्पनीबाट बैंकमा गएपछि बैंक अझ खस्किएको महसुस भएका छ । १४ बर्ष पछि पहिलो पटक लाभांश नपाएकोले शेयरधनी निराश भएको र त्यसैकारण सभा शेयरधनीहरुको उपस्थिति ज्यादै न्यून रहेको छ । संचालकहरु समयमा उपस्थित नभएको, बहुमत संचालकहरु उपस्थित नभै सभा संचालन भएको छ । अव आइन्दा त्यस्तो नहोस ।
- IPO को कारोवारमा भएका विश्वास घटेको छ ।
- शेयरधनीहरुले गत बर्ष दिएको सुझावहरु के के कार्यान्वयन भयो सो कुरा उल्लेख हुन पर्ने । बर्ष भरिमा कति IPO Issue भयो त्यसबाट कति फाइदा भयो त्यो पनि स्पष्ट उल्लेखि हुनु पर्ने ।
- कर्मचारीहरु Well Trained हनु पर्ने । उनिहरुबाट ग्राहकहरुलाई राम्रो व्यवहार हुनु पर्दछ । धन्यवाद ।

१६) **श्री सुधिर श्रेष्ठ**

- प्रतिबेदनको Cover Page राम्रो Utilize भएन । Deposit Scheme, Interest Rate आदी यसमा दिएको भए शेयरहोल्डर लाई Knowledge हुन्थ्यो ।
- कर्जा लगानीलाई Fast Ratio मा बढाउन सुझाब छ ।
- एनएमबि को ATM सेवा अलि Slow छ । यसलाई सुधार गर्नु प¥यो ।
- Further Public Issue कसरी गर्ने हो सो को प्रक्रीया स्पष्ट पार्न अनुरोध छ ।
- बिज्ञापन खर्च धेरै तर बिज्ञापन Simplify भएन, बुझ्ने गरी हुनु प¥यो ।
- Customer Relation सुधार्नु पर्ने देखिन्छ । धन्यवाद ।

१०.शेयरधनीहरुको मन्तव्य र जिज्ञासा उपर संचालक समितिका तर्फबाट प्रतिक्रिया तथा नीतिगत जवाफ :-

(क) प्रमुख कार्यकारी अधिकृत श्री उपेन्द्र पौडेलले दिनुभएको जवाफ

- सबैमा धन्यवाद, सुझाबहरुको लागि धेरै धेरै धन्यबाद ।
  बैंकले मितब्ययिता कायम राखेको फजुल खर्चहरु नगरेको विश्वास दिलाउन चाहन्छु ।
- फाइनान्स कम्पनीबाट एकैचोटी बैंकमा जाँदा कर्मचारीहरुको संख्या बढेको, शाखाहरु पनि विस्तार भएको कारण खर्च बढन गएको, बैंकको चुक्ता पूँजी एकैचोटी ७/८ गुणले बढन गएको आदि कारणले यस बर्ष लाभांस दिन नसकिएको भएपनि आगामी बर्ष लाभांस दिन सकिने विश्वास ब्यक्त गर्दछौं ।
- बैंकले आफ्नो स्थाईत्व र प्रगति लाई बढी ध्यान दिएको । Safety, Sustainability र Compliance लाई मुल मन्त्र बनाएकोले आजै हतारिनु नपर्ने ।
- बैंकले गर्न लागेका Further Issue, Premium Rate मा नै Issue हुने ।
- बैंकले नेपाल राष्ट्रबैंकले तोकेको ढाँचामा नै आफ्नो Account राखेको । तपाईहरु बिस्तृत रुपमा जानुभयो भने सायद तपाईहरु आर्थिक बिबरणको स्पष्टता देख्नु हुनेछ ।
- IPO बाट भएको आम्दानी Balance sheet मा उल्लेख भएको तर प्रतिस्पर्धात्मक ब्यापारका कारण IPO को सम्बन्धमा सम्पूर्ण कुराहरु उल्लेख नगरिएको ।
- Sunrise Bank को Share Issue मा भएको Lapse, Press लाई बोलाई तुरुन्त स्विकार गरिएको र Regulator लाई पनि समयमा नै inform गरेको । उपरोक्त घटना Outsource बाट आएका कर्मचारीहरुको त्रुटीबाट भएको र निजहरुलाई तत्काल कारवाही गरिएको । उपरोक्त घटना पछि चेक जाँच कडा गरिएको । प्रमुख कार्यकारी अधिकृत समेतको ब्याग चेक गर्ने अधिकार सुरक्षाकर्मीहरुलाई दिईएको ।
- "Customer Care is our religion" लाई नै Focus गरि सोहिलाई मुल मन्त्र बनाई अधि बढेको र केहि त्रुटी भएमा सुधार गर्दै जाने ।
- Merger सम्बन्धमा बैंकले समयानुकुल कदम चाल्नेछ ।
- बैंकले मूनाफायुक्त Feasible Project हरुमा लगानी गर्नेछ ।
- Balance Sheet मा "अन्य" शिर्षकमा भएको रकम मुख्यतः IPO सम्बन्धी रकम भएको ।
- Training मा indiciously लगानी गरिएको छ ।
- राष्ट्र बैंकको Onsite Inspection सन्तोषजनक भएको ।
- २०१० पछिको अवस्थाको लागि बैंक तयार भइरहेको ।
- छपाई शुद्धिलाई विशेष ध्यान दिनेछौं ।
- Subsidiary Company मा बैंकको ७०% लगानी हुनेछ ।
- अर्को बर्ष तपाईहरुले आशा गर्नु भएको Dividend दिन हामी Commit गर्छौं । सम्पूर्ण शेयरधनी महानुभावलाई Participaton अनि मार्गदशर्नको लागि धेरै-धैरै धन्यबाद ।

**११. पारित प्रस्तावहरु**

साधारणसभामा पूर्व सूचित छलफलका विषयहरु पारित गर्न सभापतिज्यूले राख्नु भएको सबै प्रस्तावहरु उपर सभाका शेयरधनीहरुले सर्वसम्मत निर्णयबाट देहाय बमोजिम क्रमानुसार प्रस्तावहरु पारित गरियो ।

क) सामान्य प्रस्ताव तर्फ

(१) चौधौ बार्षिक साधारणसभाकोलागि सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्ष श्री पवनकुमार गोल्याणज्यूले पेश गर्नु भएको सञ्चालक समितिको बार्षिक प्रतिवेदन २०६५/६६ मा छलफल गरी सभाले पारित गर्ने निर्णय लियो ।

(२) बैंकको आ.व. २०६५/६६ को आर्थिक कारोवारको लेखापरीक्षण गरी सोको प्रतिवेदन गर्नकालागि तेह्रौं बार्षिक साधारणसभाबाट नियुक्त लेखापरीक्षक श्री टि.आर. उपाध्याय एण्ड

कम्पनीले यस सभा समक्ष प्रस्तुत गर्नु भएको लेखापरीक्षण प्रतिवेदन र सोसाथ संलग्न वासलात, नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाहको विवरणसमेत पारित गर्ने निर्णय गरियो ।

(३) बैंकको आ.व. ०६६/६७ को आर्थिक कारोवारको लेखापरीक्षण गरी आगामी पन्ध्रौं बार्षिक साधारणसभामा प्रतिवेदन गर्नकालागि नेपाल राष्ट्र बैंकको स्वीकृत लेखापरीक्षकको सूचीमासमेत सूचीकृत लेखापरीक्षक श्री टि.आर. उपाध्याय एण्ड कम्पनीलाई पुन : बैंकको लेखापरीक्षकमा नियूक्त गर्ने र सो बापत निजले रु.१,२५,०००/- (अग्रिम आयकर कट्टा हुनेमा कट्टा गरी र मूल्य अभिबृद्धि कर लाग्नेमा सो थप गरी) पाउने निर्णय गरियो ।

(४) यस बैंकको मिति २०६५/०९/२७ मा सम्पन्न १३ औं बार्षिक साधारणसभाले प्रचलित कानूनको आवश्यकता अनुरुप प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक सुधार/संशोधन गर्नु परेमा त्यस्तो सुधार/संसोधन गरी सोको जानकारी आगामी साधारण सभामा गराउने गरि सञ्चालक समितिलाई प्रदान गरेको अख्तियारी अनुरुप सञ्चालक समितिबाट प्रवन्धपत्रको दफा ५(व) मा गरेको संशोधनको जानकारी लिई सोलाई अनुमोदन गर्ने निर्णय गरियो ।

(५) <u>विविध</u>

विविध तर्फ छलफल हुँदा यस बैंकको स्वीकृत नियमावलीमा भएको ब्यवस्था बमोजिम संस्थापक शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा नियूक्तहुने सञ्चालकहरुको मिति २०६५/१२/२० मा निर्वाचीत तल उल्लख भए बमोजिमका सञ्चालकहरुसंग सभाले परिचय गरी निजहरुलाई स्वागत गर्ने प्रस्ताव समेत पारित गरियो ।

**संस्थापक शेयरधनीका तर्फबाट निर्वाचित सञ्चालकहरु**

क. श्री पवनकुमार गोल्याण

ख. श्री आत्माराम मुरारका

ग. श्री पुरुषोत्तमलाल संघई

घ. श्रीमती शान्ति ब्याहुत - प्रतिनिधि, कर्मचारी संचय कोषका तर्फबाट

ङ. श्री शरद गोयल - प्रतिनिधि, यङ्ग लियन रियल्टी एसडिएन. बिएचडि. मलेसिया ।

(ख) <u>विशेष प्रस्ताव तर्फ</u>

१. नेपाल सरकार, अर्थ मन्त्रालयबाट मिति २०६६/०५/०१ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचनाले प्रचलित कानून बमोजिम स्थापित बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो पूँजी लगानी गरेर छुट्टै सहायक कम्पनी मार्फत नेपाल धितोपत्र बोर्डबाट अनुमति लिएरमात्र मर्चेन्ट बैंकिङ्गको काम गर्नु पर्ने गरी तोकिदिएकोले मर्चेन्ट बैकिङ्गको काम गर्नका लागि छुट्टै सहायक कम्पनीको स्थापना गर्ने र यसको नाम, रजिष्टर्ड कार्यालय, पूँजी र पूँजी संरचना, सञ्चालकको संख्या, कार्यकाल र सुविधा लगायत अन्य सबै विषयमा सञ्चालक समितिले आवश्यक निर्णय लिन सक्ने अख्तियारी दिईयो । साथै सहायक कम्पनीको स्थापानाको लागि यस अघि बैंकको सञ्चालक समितिले लिएको सम्पूर्ण निर्णयहरु तथा कामकारवाहीहरुलाई समेत अनुमोदन गर्ने निर्णय गरियो ।

२. बैंकको लगानीमा सहायक कम्पनीको संस्थापनाको निर्णय भएकाले सोकुरा बैंकको प्रवन्धपत्रमासमेत थप गर्नु पर्ने भएकाले,

क. प्रवन्धपत्रको दफा ५ कक मा हाल १ नं. देखि ३ नं. सम्म रहेको ब्यवस्थाहरु पछि नं. ४ थप गरि "सहायक कम्पनी स्थापना गरी सोहि मार्फत मर्चेन्ट बैंकिङ्गका कामहरु

गर्ने ।" भन्ने व्यवस्था थप गर्ने सम्बन्धी बिशेष प्रस्ताव साधारणसभामा पेश हुँदा उपरोक्त बमोजिमको व्यवस्था थप गर्ने सर्वसम्मत निर्णय भयो ।

३. प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउंदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिनसमेत कम्पनीका कम्पनी सचिवलाई अख्तियार दिने निर्णय भयो । साथै यस साधारणसभाबाट पारित प्रस्तावहरु कार्यान्वयन गर्नका लागि प्रबन्धपत्र तथा नियमावलीमा कुनै संसोधन/सुधार गर्नुपर्ने अवस्था परेमा आगामी साधारणसभामा जानकारी गराउने गरी आवश्यक संसोधन/सुधार गर्न सक्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने निर्णय समेत गरियो ।

ग) सभा समक्ष पेश गरिएको सम्पूर्ण प्रस्तावहरु सर्वसम्मतिले पारित भई पहिलो सत्रको कार्यक्रम समाप्त भएकोले दोस्रो सत्रको कार्यक्रम अर्न्तगत सर्वसाधारण शेयरधनीहरुको तर्फबाट ३ जना सञ्चालकको निर्वाचन गर्नु पर्ने भएकोले सभापतिज्यूद्वारा सभा हल निर्वाचन अधिकृतलाई हस्तान्तरण गर्नुभयो ।

(घ) यस बैंकको स्वीकृत नियमावलीमा भएको व्यवस्था बमोजिम सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकहरु जना ३ (तीन) को निर्वाचनकालागि प्रकाशित निर्वाचन सम्बन्धी कार्यक्रममा उल्लेखित समय भित्र जम्मा ३ (तीन) जनाको मात्र उम्मेदवारी पेश भएकाले निजहरु निर्विरोध सञ्चालकमा निर्वाचित भएको घोषणा निर्वाचन अधिकृतबाट भयो । निर्वाचन अधिकृतबाट घोषणा भए बमोजमका तल उल्लेखित निर्वाचित संचालकहरुलाई निर्वाचन अधिकृतद्वारा प्रमाणपत्र समेत वितरण गर्नु भयो ।

**<u>सर्वसाधारण शेयरधनीका तर्फबाट निर्वाचित सञ्चालकहरु</u>**

क. श्री हरिश्चन्द्र सुवेदी

ख. डा. हरि प्रसाद श्रेष्ठ

ग. श्री सगुन पन्त

**ङ) नवनिर्वाचित संचालकहरुबाट मन्तब्य**

१) श्री हरिश्चन्द्र सुवेदी : सर्वसम्मत निर्वाचित भएकाले साधारण शेयरधनी बीच समेत एकता रहेको सन्देश जाने । बैंक संचालनमा संस्थापक र साधारण शेयरधनीहरुको वरावर जिम्मेवारी हुने । बैंकको स्थिति सकारात्म रहेको । सबैको संयूक्त प्रयासबाट बैंक अगाडि बढने र आफूले बैंकलाई नम्बर १ बैंक बनाउन प्रयास गर्नेछु ।

२) डा. हरि प्रसाद श्रेष्ठ : निर्विरोध निर्वाचित गरिदिएकोमा धन्यवाद । आफ्नो क्षमताले भ्याए सम्म बैंकको हितमा काम गर्दै जानेछु ।

३) श्री सगुन पन्त : बैंकको हितमा केहि गरेर देखाउने विश्वास ब्यक्त गर्दछु । निर्विरोध निर्वाचित भएकोमा सबैलाई धन्यबाट दिन चाहन्छु ।

च) नव निर्वाचित सञ्चालकहरुको तर्फबाट मन्तब्य दिने कार्य समाप्त भएपछि निर्वाचन अधिकृतद्वारा निर्वाचन सम्बन्धी सम्पूर्ण काम समाप्त भएको घोषणा गर्दै सभाहल पुन सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणज्यूलाई हस्तान्तरण गर्नु भयो ।

**१२. धन्यवाद ज्ञापन**

नव निर्वाचित सञ्चालकहरुलाई स्वागत गर्दै छलफलको विषय सूचीमा रहेका सम्पूर्ण बिषयहरुमा छलफल गरी निर्णय लिई सकिएकाले आजको साधारणसभा सौहाद्रपूर्ण वातावरणमा शान्तिपूर्वक सरल किसिमबाट सम्पन्न भएकोले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, संस्थापक शेयरधनीहरु, कर्मचारी संचयकोष, उपस्थित पर्यवेक्षक, प्रतिनिधिहरु लगायत उपस्थित पत्रकारबन्धुहरु एवं अन्य गन्यमान्य व्यक्तिहरुलाई समेत यस बैंकको वार्षिक साधारणसभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुभएकोमा अध्यक्षले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

**१३. सभा विसर्जन**

आजको यस चौधौ साधारणसभामा समावेश विषयसूची अन्तर्गतका सम्पूर्ण विषयहरु समाप्त भएको व्यहोरा प्राप्त भएपछि बैंकका सञ्चालक समतिका अध्यक्ष तथा यस साधारणसभाका सभापति श्री पवनकुमार गोल्याणज्यूले दिनको ३ :०० बजे सभा समापन भएको घोषणा गर्नुभयो ।

द.____________________
पवन कुमार गोल्याण
अध्यक्ष

द.____________________
उपेन्द्र पौडेल
कम्पनी सचिव/प्रमुख कार्यकारी अधिकृत